जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०२, २०८३ साउन १४ गते विहीबार, 30 July 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

विवादका बिच सरकार गठनार्थ वार्ता ठोली

मकवानपुर । बागमती सरकार गठनका लागि नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पहल थाल्ने भएको छ । नयाँ गबठन्धनबाट नेकपा एमालेको नेतृत्वमा सरकार गठनार्थ नेकपाले वार्ता ठोली बनाएको हो ।

नेकपा बागमती प्रदेश संसदीय दलको बैठकले सरकार गठनका सन्दर्भमा समन्वय गर्न वार्ता ठोली गरेको हो । हेटौंडास्थित संसदीय दलको कार्यालयमा बसेको बैठकले वर्तमान राजनीतिक अवस्थाको समीक्षा गर्दै सरकार गठनका लागि ठोस कदम चाल्ने निर्णय गरेको छ ।

नेकपा संसदीय दलका नेता शालिकराम जम्कट्टेल संयोजक रहेको ठोलीमा कृष्णप्रसाद शर्मा खनाल, रत्नप्रसाद ढकाल, सरल सहयात्री र कुमारी मोक्तान सदस्य छन् ।

संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालका अनुसार बैठकले गत बैशाख ९ गते नेकपा र एमालेबीच भएको सहमति अनुसार बागमती प्रदेश सरकार गठनका लागि आवश्यक वातावरण बनाउन पहल गर्ने निर्णय गरेको हो ।

उनले एमालेका साथै हाम्रो नेपाली पार्टी, नेपाल मजदुर किसान पार्टी र राप्रपा लगायतका दलहरूसँग संवाद र छलफल अघि बढाउने निर्णय भएको बताए । बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री एवम् नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले नयाँ गठबन्धनको सरकार सहजै बन्ने बताएका छन् ।

विवादरहित छैनन् दल

बागमतीमा नयाँ सरकार गठनका सन्दर्भमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भित्र विवाद बढेको छ ।

नेकपाभित्र तत्कालीन एकीकृत समाजवादीका सांसदहरुले एमालेसँगको सहकार्यमा विमति जनाएका छन् । पार्टीको शीर्ष नेतृत्वले गरेको ३ बुँदे सहमतिका विषयलाई लिएर माधव नेपाल पक्षका सांसदहरुले विरोध गरेका हुन् । सहमतिको विपक्षमा देखिएका उनीहरुले संसदीय दलको बैठक समेत बहिस्कार गरेका थिए ।

तत्कालीन एकीकृत समाजवादीका ६ मध्ये ५ सांसद बैठकमा अनुपस्थित थिए । सो समूहबाट उपस्थित भएका एक सांसद पनि बिचमै बैठक छाडेर बाहिरिएका थिए । नेकपाका सांसद एवं तत्कालीन एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले प्रदेश सरकार गठनको निर्णय गर्ने अधिकार प्रदेशस्तरकै नेताहरुमा हुनुपर्ने बताए ।

एमालेबाट मुख्यमन्त्री को ?

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच भएको तीन बुँदे सहमति अनुसार बागमती प्रदेश सरकारको नेतृत्व नेकपा एमालेले गर्ने भए पनि कसलाई मुख्यमन्त्री बनाउने भन्ने विषयमा विवाद चर्किरहेको छ । विशेषगरी एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले आफू स्वाभाविक रुपमा मुख्यमन्त्रीको दाबेदार रहेको बताउँदै आएका छन् । यद्यपि उनलाई एमालेकै सांसदहरुले मुख्यमन्त्रीका लागि स्वीकार गरेका छैनन् । विगतको कमीकमजोरी र बजेटमाथिको अस्वाभाविक हस्तक्षेपमा थपलियाको भूमिकाबारे प्रश्न उठाउँदै एमालेकै सांसदले संसदीय दलको नेता परिवर्तन गर्नुपर्नेमा जोड दिइरहेका छन् थपलिया यसअघि ३ पटक प्रदेशको अर्थमन्त्री बनिसकेका छन् ।

बागमतीको मुख्यमन्त्रीमा एमालेका ३ नेताले दाबी गर्दै आएका छन् । संसदीय दलको नेताका रुपमा थपलियाले दाबी गरिरहँदा किरण थापा र केशव पोखरेलले पनि आ आफ्नो दाबी बढाएको बताइएको छ ।

सरकार गठनको कसरत

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशमा नयाँ सरकार गठनको जोडघटाउ तीव्र बनेको छ। सत्ता साझेदार दल सरकाबाट बाहिरिएसँगै मुख्यमन्त्री इन्द्र बहादुर बानियाँको सरकार अल्पमतमा परेको छ । यससँगै सरकार गठनमा रस्साकस्सी सुरू भएको हो ।

अहिलेको सरकारको निरन्तरता वा नयाँ सरकार गठनको लागि सहज बहुमत नपुग्ने भएपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र नेकपा एमालेका नेताहरु साना दलहरु फकाउन सक्रिय भएका हुन्। नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) शिर्ष तहमा प्रदेशको सरकार गठनको लागि ३ बुँदे सहमति समेत भएको छ ।

प्रदेशहरूको सरकार गठनमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच सहकार्य गर्ने सहमति गत शनिबार भएको थियो । बागमती प्रदेश सहित अन्य प्रदेशमा नयाँ सरकार गठनको लागि नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच ३ बुँदे सहमती भएको हो ।

नयाँ सत्ता समीकरण अनुसार कोशी, बागमती र लुम्बिनी प्रदेशको नेतृत्व नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले गर्ने र कर्णाली र सुदुरपश्चिम प्रदेशको नेतृत्व नेपाली कम्युनिष्ट पार्टीले गर्ने सहमती भएको छ । मधेस र गण्डकी प्रदेशमा सरकार गठनका सन्दर्भमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलहरूसँग समेत परामर्श गरी सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने सहमती भएको छ ।

प्रदेश सभाको कार्यकाल करिब १५ महिना हाराहारी बाँकी रहँदा भएको यो सहमतिलाई लिएर अनेक ठिका टिप्पणी भइरहेको छ ।बागमती प्रदेशमा सरकार गठनको प्रक्रिया अघि बढाउन एमाले र नेकपाका शिर्ष तहका नेताहरू निर्णायक छलफल छन् । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) सहितको नयाँ समीकरणले सरकार गठनको खाका तयार पार्न छलफल थालेका हुन् । सरकारको नेतृत्व, मन्त्रालयको भागबण्डा र साना दलहरूलाई सरकारमा सहभागी गराउने विषयमा छलफल भइरहेको छ । एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, नेकपा बागमती प्रदेश संसदीय दलका नेता शालिकाराम जम्कट्टेल लगायतका नेताहरू छलफल बाटै छिट्टै सरकार गठन टुङ्ग्याउने गृहकार्यमा लागेको बताइएको छ ।

नयाँ समीकरणसँग सरकार बनाउन स्पष्ट बहुमत नभएकाले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) वा अन्य साना दललाई सरकारमा सहभागी नगराई एमाले र नेकपाले सरकार गठन गर्न सक्ने सम्भावना छैन । सरकारलाई समर्थन गर्ने विषयमा राप्रपाको आधिकारिक निर्णय नआउँदा सम्म प्रमुख ३ दल पर्ख र हेरको अवस्थामा रहेका छन् । राप्रपाको निर्णय नआउँदा सरकार गठन प्रक्रिया केही दिन लम्बिने संकेत समेत देखिएको छ । वर्तमान सरकारलाई निरन्तरता दिने दाउमा रहेको कांग्रेस र नयाँ गठबन्धन अनुसार सरकार बनाउन कस्सिएका एमाले तथा नेकपा साना दलहरुलाई आफ्नो पक्षमा पार्ने दौडधुपमा छन्। सोमबार एमाले तथा नेकपाका बागमती प्रदेशस्तरीय शिर्ष नेताहरूले प्रदेश सभामा ३ सांसद रहेको 'हाम्रो नेपाली पार्टी' (हानेपा) का नेतासँग छलफल गरेको बताइएको छ ।

यता बागमती प्रदेश सभामा १७ सिट रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सरकार निर्माणमा निर्णायक भूमिकामा देखिएको छ। एमाले र नेकपाका नेताहरुले राप्रपासँग पटकपटक छलफल गरिरहेका छन्। राप्रपाले ७ वटै प्रदेशमा आफूलाई सत्ता साझेदार बनाइने अवस्थामा मात्र बागमती प्रदेशको सन्दर्भमा सघाउने रणनीति लिएको छ । केवल बागमती प्रदेशको शक्ति सन्तुलनमा मात्र सीमित नभई राप्रपाले सातै प्रदेशको सत्ता साझेदारी र आगामी स्थानीय तहदेखि प्रदेश निर्वाचनसम्म चुनावी मोर्चालाई मुख्य सर्त बनाएको बताइएको छ। तर आधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

एमालेले राप्रपालाई आगामी निर्वाचनमा सम्मानजनक स्थान दिने र सदनदेखि सडकसम्म सहकार्य गर्ने गरी दीर्घकालीन खाका प्रस्ताव गरेको चर्चा चलिरहेको भएपनि राप्रपाले स्पष्ट जवाफ नदिएकै समयमा हानेपासँग छलफलमा एमाले र नेकपा लागेको हो ।

यस्तै कांग्रेसले पनि राप्रपा र हाम्रो नेपाली पार्टीसँग निरन्तर संवाद गरिरहेको बुझिएको छ । कांग्रेसले भने नेकपा र एमालेरहित गठबन्धन निर्माणका लागि प्रयास थाल्दै राप्रपा, नेमकिपा र हानेपा सहितको गठबन्धनबाट ५३ सिट पुऱ्याएर सरकार गठन गर्ने प्रयत्नमा जुटेको हो। यद्यपी नेमकिपा सरकारमा समावेश हुने सम्भावना ज्यादै न्यून छ। यस अघिका गठबन्धन सरकारमा समेत उसले सहमती र सहभागिता जनाएको देखिदैन ।

लोकतन्त्र र संघीयतालाई स्वीकार गरी निर्वाचनमा सहभागी भएका दलहरुसँग संवाद र सहकार्यको सम्भावना बारे छलफल भइरहेको मुख्य मन्त्री बानियाँ बताउँछन्।

५३ सांसदको समर्थन आवश्यक

११० सदस्यीय बागमती प्रदेशसभामा १०४ सदस्य कायम छन् । ६ पद रिक्त रहेकाले हाल १०४ सदस्य कायम छन् । बहुमतका लागि ५३ मत आवश्यक पर्छ।

प्रदेश सभामा नेपाल कम्युनिस्ट पार्टीको ३६, एमालेको ३५ सदस्य छन् । नयाँ सत्ता समिकरण गर्ने यी दुई दलको सदस्य संख्या जोड्दा ५१ हुन्छ । सरकार गठनको लागि दुई सदस्य पुग्दैन । यसैगरी प्रदेशसभामा कांग्रेसको ३६ सदस्य रहेको छ । राप्रपाका १२, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई सांसद छन्।

साउनबाट लिएको नयाँ मोड

२०८३ साउन ६ गते बागमती प्रदेशको सत्ता राजनीतिले फेरी एक पटक नयाँ मोड

बाँकी पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

ग्यासको कालोबजारी

खाना पकाउने एलपी ग्यास नेपाली जनजीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक वस्तु हो। यस्तो वस्तुको नियमित आपूर्ति सुनिश्चित गर्नु सरकार र आपूर्ति प्रणालीसँग सम्बन्धित निकायहरुको पहिलो दायित्व हो। तर मकवानपुरको हेटौंडामा पछिल्ला केही दिनदेखि देखिएको एलपी ग्यासको अभावले आपूर्ति व्यवस्थापनको कमजोरी फेरि एकपटक सतहमा ल्याएको छ। बिहानैदेखि खाली सिलिण्डर बोकेर लाइनमा बस्नुपर्ने, दिनभरि पर्खिए पनि ग्यास नपाई घर फर्किनुपर्ने अवस्था सामान्य बजार समस्या होइन, नागरिकको आधारभूत आवश्यकतामाथिको व्यवस्थापकीय असफलता हो।

ग्यास व्यवसायीहरुले मागअनुसार उद्योगबाट आपूर्ति हुन नसकेको दाबी गरिरहेका छन् भने उपभोक्ताले वितरण प्रणालीमा समस्या रहेको गुनासो गरेका छन्। आधा भरिएका सिलिण्डरको सट्टा पूर्ण भरिएका सिलिण्डर मात्र वितरण हुन थालेपछि बजारमा उपलब्ध सिलिण्डरको संख्या घटेको देखिन्छ । दैनिक काम छाडेर लाइन बस्नुपर्ने, होटल तथा साना व्यवसाय प्रभावित हुने र घर धुरीमा खाना पकाउनसमेत समस्या उत्पन्न हुनु सामान्य अवस्था होइन। यदि बजारमा वस्तु उपलब्ध छ भने किन उपभोक्ताले घण्टौं लाइन बस्नुपर्छ ?

नेपालमा एलपी ग्यासको आपूर्ति समस्या नयाँ होइन। विगतमा पनि चाडपर्व, ढुवानी अवरोध, अन्तर्राष्ट्रिय आपूर्ति शृंखला वा वितरण व्यवस्थापनका कमजोरीका कारण यस्ता समस्या पटक पटक दोहोरिएका छन्। तर प्रत्येक पटक समस्या दोहोरिनुबाट सम्बन्धित निकायले कुनै दीर्घकालीन पाठ सिक्न नसकेको देखिन्छ। अत्यावश्यक वस्तुको आपूर्तिमा पूर्वतयारी, पर्याप्त मौज्दात, पारदर्शी वितरण प्रणाली र नियमित बजार अनुगमन नहुँदा उपभोक्ताले सधैं सास्ती खेप्नुपरेको छ।

यस अवस्थामा कृत्रिम अभाव, अस्वाभाविक मौज्दात वा वितरणमा विभेद भएको छ कि छैन भन्ने विषयमा तत्काल छानबिन आवश्यक छ। जिल्ला प्रशासन कार्यालय, वाणिज्य तथा आपूर्ति सम्बन्धी निकाय र स्थानीय प्रशासनले संयुक्त रुपमा बजार अनुगमन गरी वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ। ग्यास कहिले आउँछ, कुन डिलरमा कति परिमाणमा वितरण हुँदैछ भन्ने जानकारी पारदर्शी रुपमा उपलब्ध गराउनु पर्छ।

पानीमा डुबेर हुने मृत्यु रोक्न एकजुट बनौं



हरि प्रसाद भुसाल
भरतपुर-७, कृष्णपुर

पानीमा डुबेर हुने मृत्यु एक गम्भिर र मौन विपद्को रूपमा देखा परिरहेको छ। अहिले वर्षाको समय छ। बाढी पहिरोको जोखिम बढिरहेको छ। खोला, नदीहरू उर्लेका छन्। ताल, पोखरी, कुवा, कुलो, खोल्सा, ढल, खाल्डाखुल्डी आदि पानीले भरिएका छन्। दिनहुँजसो नदी, खोला, पोखरी, ताल, इनार, खाल्डाखुल्डिमा डुबेर तथा नदिमा हामफालेर डुबि मानिसको मृत्यु भएका समाचार आइरहेका छन्। खासगरी बालबालिकाहरूको अन्जानमा डुबेर मृत्यु भइरहेको छ भने वयस्कहरूले पनि नदि पार गर्दा, पौडि खेल्दा, माछा मार्न जाँदा वा बाढि पहिरोको विपद्रूमा परी ज्यान गुमाइरहेका छन्।

विश्वरूव स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार विश्रूवभरी प्रति वर्ष ३० लाख भन्दा बढी मानिसहरूको पानीमा डुबेर मृत्यु हुने गरेको छ। जस अनुसार प्रत्येक एक घण्टामा विश्रूवमा ३० जना मानिसहरूको पानीमा डुबेर मृत्यु भइरहेको छ। ती मध्ये २४ प्रतिशत ५ वर्ष मुनिका बालबालिका रहेका छन्। तसर्थ यो १ देखि ४ वर्ष उमेर समूहका बालबालिकाहरूको मृत्युको चौथो कारण बन्न पुगेको छ। पानीमा डुबेर हुने मृत्यु मध्ये करीब ९२ प्रतिशत मृत्यु नेपाल जस्ता कम र मध्ये आय भएका देशहरूमा भएको तथ्याङ्क छ।

नेपाल भू परिवेष्टित देश भएतापनि यहाँ प्रसस्त मात्रामा नदी, ताल, प्राकृतिक तथा मानव निर्मित पोखरी, कुवा तथा अन्य जलस्रोतहरू रहेका छन्। हाल पौडी पोखरी/स्विमिङ पुलको निर्माण र प्रयोग पनि फेसन जस्तै भएको छ। यीनै नदी, खोला, कुलो, कुवा, सिंचाइ नहर, खुला इनार, खाल्डाखुल्डी, स्विमिङ पुल तथा आकस्मिक बाढीमा डुबेर धेरै मानिसको मृत्यु हुने गरेको छ। नेपालमा पानीमा डुबेर हुने मृत्यु सम्वन्धी विस्तृत अध्ययन तथा अनुसन्धान हुन सकेको छैन।

जसले गर्दा यसका विश्रूलेषणात्मक तथ्याङ्क एवं मृत्युका कारणहरू सम्वन्धी विशेष प्रतिवेदनहरू छैनन्। तर नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.व. २०७१/७२ मा ५ सय ५० जनाको पानीमा डुबेर मृत्यु भएको थियो भने आ.व. २०८०/८१ मा ८ सय ६७ जनाको मृत्यु भएको थियो। विश्रूव स्वास्थ्य संगठनको सन् २०२४ को प्रतिवेदनले नेपालमा वार्षिक एक हजार ६ सय जनाको पानीमा डुबेर मृत्यु हुने प्रक्षेपण गरेको छ। जस अनुसार प्रत्येक दिन ४ जना भन्दा बढी मानिसहरूको पानीमा डुबेर मृत्यु भइरहेको छ। यसलाई अकाल मृत्यु भनिन्छ। जसलाई सामान्य रोकथामका विधि अपनाएमा बचाउन सकिन्छ।

आ.व. २०७१/७२ देखि आ.व. २०८०/८१ सम्मको दश वर्षको नेपाल प्रहरीको तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा ७ हजार ३५ जनाको पानीमा डुबेर मृत्यु भएको देखिन्छ। यो त नेपाल प्रहरीमा दर्ता भएका र प्रहरीको अनुसन्धानमा आएका घटनाहरू मात्र हुन। नेपालमा पानीमा डुबेर हुने मृत्युको संख्या सबै भन्दा बढी मधेस प्रदेश र त्यसपछि लुम्बिनी प्रदेशमा देखिन्छ। खास गरी बालबालिका, जलासय नजिक बसोबास गर्ने समुदाय, माछा मार्ने, पौडि खेल्ने, मदिरा र लागू पदार्थ सेवन गरी नदी, खोला,खोल्सा तर्न खोज्ने व्यक्तिहरू डुबेर मृत्युहुने जोखिम समूहमा पर्दछन्।

डुबेर हुने मृत्यु रोकथामबारे विश्रूव स्वास्थ्य संगठनको महासभाबाट सन् २०२१ मा संकल्प प्रस्ताव पारित भएको थियो। जस अनुसार १२ वटा कानूनी प्रावधानहरू पास गरिएका थिए। तर नेपाल सरकारले हालसम्म ती मध्ये कुनैलाई पनि पारित गरेको छैन। नेपालमा हालसम्म पानीमा डुबेर हुने मृत्यु रोकथामको लागि ऐन, नियम, नियमावली, रणनीति एवं कार्यनीतिहरू बनेका छैनन्। यसबाट प्रष्ट हुन्छकी नेपाल सरकारले यसलाई समस्याको रूपमा स्वीकार गरेको छैन। यस सम्वन्धी सरकारी स्तरमा व्यापक रूपमा बहस एवं पैरबी भएको छैन। नेपाल सरकारले तयार गरेको "विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४" एवं राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचामा समेत पानीमा डुबेर हुने मृत्युको समस्यालाई प्रष्ट रूपमा समेटिएको देखिदैन।

नेपाल जलस्रोतको धनी देश भएतापनि नेपालीहरूको पौडि खेल्ने सिप र क्षमता निकै कम देखिन्छ। यस सम्वन्धी समेत अध्ययन भएको पाईदैन। पानीमा डुबेर हुने मृत्युलाई भवित्वय भनी पन्छिने प्रवृति छ। यो निकै गैर जिम्मेवारीपन हो। तसर्थ यसको मूल कारण पत्ता लगाइ रोकथामका उपायहरू अपनाउनु अपरिहार्य देखिन्छ। खास गरी विकास निर्माण वा अन्य कारणले खनिएका खाडलहरू वर्षायाम भन्दा अगाडी नै पुर्ने, विद्यालयको वरिपरि नदि, तलाउ, पोखरी आदि छन् भने घेरावारा लगाउने, नदिका पुलहरूमा बार लगाउने, विद्यालय स्तरदेखि नै पौडि खेल्ने सिपको विकास गर उने, उद्धार र उपचारको लागि विभिन्नरून तालिमहरू प्रदान गरी जनशक्ति तयार गर्ने, जनचेतना अभिबृद्धिका विभिन्नरून कार्यक्रमहरू सञ्रूचालन गर्ने, जल सुरक्षा नीति तर्जुमा गर्ने, डुबेर हुने मृत्यु रोकथामका लागि रणनीति एवं कार्यनीति बनाइ कार्यान्वयन गर्नु जरूरी देखिन्छ।

प्रत्येक वर्ष जुलाई २५ तारिखलाई विश्रूव स्वास्थ्य संगठनले "विश्रूव डुबेर हुने मृत्यु रोकथाम (World Drowning Pre vention Day)" को रूपमा विश्रूवव्यापी रूपमा मनाउने गर्दछ। नेपालमा पनि जनचेतना र पैरवी सम्वन्धी विभिन्नरून कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ। यस वर्षको दिवस मनाउनको लागि "डुबेर हुने मृत्यु रोक्न एकजुट होऔं (Unit to turn the tide)" भन्रूने नारा तय गरिएको छ। तथापि, एकदिन दिवस मनाएर मृत्युलाई घटाउन सकिदैन। यसको लागि ठोस कदन चाल्न ढीला भैसकेको छ। तसर्थ, सम्पूर्ण सरोकारवाला निकायहरू र तीनै तहका सरकारहरूको संयुक्त पहलबाट सन् २०३५ सम्म पानीमा डुबेर हुने मृत्युलाई ३५ प्रतिशतले घटाउने लक्ष्य प्राप्त गर्न सकिन्छ र अकालमा हुने मृत्युलाई कम गर्न सकिन्छ।

अन्तमा, पानीमा डुबेर हुने मृत्यु व्यक्तिगत एवं पारिवारिक समस्या मात्र नभै सामाजिक समस्या हो। यो एक प्रकारको जनस्वास्थ्य विपद् हो। सरकार वा नीजि क्षेत्रले विभिन्नरून प्रयोजनका लागि खनेका खाल्डाखुल्डिहरू समयमा नपुरेका कारणले त्यहाँ पानी जम्न गई बालबालिकाहरू अन्जानमा त्यस्ता खाल्डामा जमेको पानीमा डुबेर मर्नु एक प्रकारको सामाजिक अपराध हो। नदिमा हामफालेर डुबेर मर्नु विभिन्नरून सामाजिक निर्धारिक तत्वहरूको नकारात्मक प्रभाव हो भने बाढीमा परेर, नुहाउने क्रममा पौडि खेल्दा, मदिरा सेवन गरी नदिमा जाँदा, माछा मार्न जाँदा, नदि पार गर्दा, स्विमिङ पुलमा पौडि खेल्दा डुबेर मर्नु असावधानी एवं पौडि खेल्ने सिपको अभाव हो। यसको लागि सरकारले जल सुरक्षा नीति तयार गरी विद्यायल स्तरदेखि नै डुबान सम्वन्धी सावधानी, पौडि खेल्ने सिप विकास, जनचेतना र सुरक्षा कवचमा लगानी गर्नु पर्दछ।

विद्यालयको अतिरिक्त क्रियाकलापमा जलसुरक्षा सम्वन्धी विषय समावेस गर्ने, विद्यार्थी र अभिभावकहरूलाई पानीमा सुरक्षित रहने उपायबारेमा जानकारी दिने, पौडि तथा उद्दार सम्वन्धी सामुदायिक तालिम सञ्रूचालन गर्ने, डुवानको प्राथमिक उपचार सम्वन्धी तालिमहरू सञ्रूचालन गर्ने आदि गरेमा मृत्युलाई कम गर्न सकिन्छ। यति गर्न सजिलो र व्यवहारिक पनि छ। यसको लागि स्थानी, प्रदेश र संघीय सरकार एवं विकास साझेदार निकाय र गैर सरकारी एवं नीजि निकायहरूबीच समन्वय र सहकार्य हुनु पर्दछ।

स्थानीय सरकारहरूले कम्तिमा जनचेतना अभिवृद्धि र डुबेर हुन सक्ने मृत्यु रोकथामका लागि वार्षिक कार्यक्रममा केही आर्थिक स्रोतको सुनिश्रूचितता गर्नु पर्दछ। विपद् व्यवस्थापनमा पानीमा डुबेर हुने जोखिम तथा मृत्युलाई समेत समावेस गर्नु जरूरी देखिन्छ। तसर्थ, पानीमा डुबेर हुने मृत्यु बिरूद्धको अभियानमा हातेमालो गरौं र डुबेर हुने मृत्यु रोकथाम गर्न एकजुट बनौं। डुबेर हुने मृत्यु रोकथाम दिवसको शुभकामना।

लेखक जनस्वास्थ्य विज्ञ हुनुहुन्छ, यो लेख सहीखबर अनलाइन सस्करणमा पनि प्रकाशित छ ।

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ साउन १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

द्रुतमार्ग आधा सम्पन्न, गन्तव्य अझै टाढा

○ सरिता दाहाल

मकवानपुर । नेपालले दशकौंदेखि देखेको 'गेम चेन्जर' पूर्वाधार आयोजनाका रूपमा हेरिएको काठमाडौ -तराई/मधेश द्रुतमार्ग (फास्ट ट्रयाक) निर्माणले पछिल्ला दुई वर्षयता गति समातेको छ। सेनाको जिम्मामा रहेको यो राष्ट्रिय गौरवको आयोजना अहिले समग्र भौतिक प्रगतिमा ४८.७२ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ५०.६३ प्रतिशत पुगेको छ।

निर्माणाधीन सात सुरुङमध्ये दुई सुरुङमा 'ब्रेकथ्रु' सम्पन्न भइसकेको छ, दर्जनौं पुल निर्माणका विभिन्न चरणमा छन् । सडकको सब-बेसदेखि कालोपत्रसम्मको काम सुरु भइसकेको छ। तर अर्कोतर्फ काठमाडौं प्रवेशद्वार खोकना क्षेत्रमा जग्गा अधिग्रहणको विवाद अझै समाधान हुन नसक्दा आयोजना पूर्ण हुने समय अझै अनिश्चित बनेको छ ।

आयोजनाको पछिल्लो अद्यावधिक विवरणअनुसार १३ वटा निर्माण प्याकेजमध्ये १२ वटा प्याकेज निर्माणाधीन अवस्थामा छन्। खोकना-डुकुछाप खण्ड पर्ने प्याकेज नम्बर ११ मा भने जग्गा अधिग्रहण र सवारी व्यवस्थापनसम्बन्धी निर्णय हुन नसक्दा खरिद प्रक्रिया नै सुरु हुन सकेको छैन। यही एउटा खण्डले आयोजना सम्पन्न हुने मितिमाथि प्रश्नचिन्ह खडा गरिरहेको छ।

नेपाल सरकारले ७० दशमलब ९७७ किलोमिटर लामो यो द्रुतमार्गलाई र ाजधानी काठमाडौंलाई मधेशसँग सबैभन्दा छोटो दूरीमा जोड्ने रणनीतिक परि योजनाका रूपमा अघि बढाएको हो। हाल त्रिभुवन राजपथ हुँदै काठमाडौं-निजगढ पुग्न चारदेखि पाँच घण्टासम्म लाग्ने समय द्रुतमार्ग सञ्चालनपछि करिब एक घण्टाभित्र सीमित हुने अपेक्षा गरिएको छ। यसले यात्राको समय मात्र घटाउने मात्रै होइन, मालसामान ढुवानीको लागत कम गर्ने, औद्योगिक उत्पादनको प्रतिस्पर्धात्मक



क्षमता बढाउने तथा प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलसँग राजधानीको सम्पर्क सहज बनाउने दीर्घकालीन लक्ष्य बोकेको छ । तर आयोजनाको इतिहास हेर्दा यो केवल एउटा सडक निर्माणको कथा होइन, नीति, प्रशासन, राजनीतिक निर्णय, लागत वृद्धि र प्राविधिक चुनौतीहरूको पनि कथा हो। प्रारम्भिक अवधिमा विदेशी कम्पनीमार्फत निर्माण गराउने योजना बने पनि ठेक्का प्रक्रिया विवादमा परेपछि अन्ततः सरकारले नेपाली सेनालाई आयोजना निर्माणको जिम्मेवारी दिएको थियो। त्यसपछि डिजाइन परिवर्तन, सुरुङको संख्या वृद्धि, पुलको नयाँ संरचना, जग्गा अधिग्रहण र निर्माण सामग्रीको मूल्यवृद्धिका कारण लागत र समयसीमा दुइ पटक संशोधन भयो ।

सुरुङ निर्माणले देखाएको उपलब्धि: द्रुतमार्गको सबैभन्दा जटिल र प्राविधिक पक्ष सुरुङ निर्माण हो। नेपालमा यसअघि यति धेरै आधुनिक सडक सुरुङ एकै आयोजनामा निर्माण गरिएको अनुभव थिएन। त्यसैले सुरुङको प्रगति नै आयोजनाको सफलताको प्रमुख र महत्वपूर्ण सूचक मानिएको छ।

आयोजनाअन्तर्गत ७ वटा सुरुङको कुल लम्बाइ ११.२१० किलोमिटर छ। हालसम्म ७.०२२ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको छ । यससँगै ४.५४० किलोमिटरमा सेकेन्डरी लाइनिङ सकिएको छ । महादेवटार सुरुङको बायाँ टनेलमा ९४ प्रतिशत र दायाँ टनेलमा ८४ प्रतिशत खन्ने काम सकिएको आयोजना प्रमुख नेपाली सेनाका उपरथी धमेन्द्र झाले बताउनु भयो । "धेद्रे र लेनडाँडा सुरुङमा दुबै दिशाबाट खनेर 'ब्रेकथ्रु' हुनु आयोजनाका लागि महत्वपूर्ण उपलब्धि मानिएको छ" उपरथी झाले भन्नुभयो । चन्द्राम भीर, देवीचौर, सिसौटार र मौरीभीर सुरुङमा भने अझै खन्ने तथा पोर्टल निर्माणको काम जारी छ। यी सुरुङहरू सम्पन्न भएपछि द्रुतमार्गको यात्रा समय उल्लेख्य रूपमा घट्नेछ।

पुल निर्माण पनि तीव्र गतिमा : द्रुतमार्गमा सडकभन्दा कम चुनौतीपूर्ण पुल निर्माण पनि छैन। पहाडी भू-भाग, खोल्सा र गहिरा भीरका कारण यहाँ ८९ स्थानमा पुल आवश्यक परेको छ। आयोजनाका अनुसार ८५ वटा पुल निर्माणको ठेक्का व्यवस्थापन भइसकेको छ। हालसम्म ५७ वटा पुलको फाउन्डेसन, ३८ वटा पुलको सब-स्ट्रक्चर तथा १६ वटा पुलको सुपर-स्ट्रक्चर निर्माण सकिएको छ। बाँकी ४ वटा पुल भने खोकना क्षेत्रमा जग्गा अधिग्रहणको समस्याका कारण अघि बढ्न सकेका छैनन्।

सडकमा कालोपत्र सुरु, सहायक पूर्वाधार पनि निर्माणाधीन : द्रुतमार्गमा पहिलो पटक मुख्य सडकमा कालोपत्र सुरु भइसकेको छ। हालसम्म ११.०२ किलोमिटर सब-बेस, ५.८ किलोमिटर बेस तथा एक किलोमिटर मुख्य सडक कालोपत्र सम्पन्न भएको छ। ७ किलोमिटर सेवा लेन पनि कालोपत्र भइसकेको छ। यससँगै स्लोप प्रोटेक्सन, बक्स कल्भर्ट, अप्टिकल फाइबर डक्ट, विद्युतीय डक्टलगायतका सहायक संरचनाको निर्माण पनि सँगसँगै अघि बढिरहेको छ।

वातावरणीय दायित्व पनि सँगसँगै : द्रुतमार्ग निर्माणसँगै वन क्षेत्रको संरक्षण पनि चुनौतीपूर्ण विषय बनेको छ। आयोजनाका क्रममा हालसम्म ५५ हजार ८८७ वटा रुख काटिएको छ। त्यसको क्षतिपूर्तिस्वरूप ७ लाख ५ हजार ५१२ वटा बिरुवा रोपिएको आयोजनाले जनाएको छ। झाका अनुसार साथै निजगढ क्षेत्रमा वन्यजन्तुको आवतजावत सुरक्षित बनाउन 'एनिमल अन्डरपास' निर्माण भइसकेको छ भने टोल प्लाजा र इन्टरचेन्ज निर्माण पनि जारी रहेको छ। वन्यजन्तु संरक्षण र सडक पूर्वाधारलाई सँगसँगै अघि बढाउने प्रयास नेपालका ठूला सडक आयोजनामा नयाँ अभ्यासका रूपमा हेरिएको छ।

खोकनाको गाँठो, फास्ट ट्रयाकलाइ गलपासो : काठमाडौं-तराई/मधेश द्रुतमार्गको सबैभन्दा ठूलो चुनौती अहिले प्राविधिकभन्दा पनि प्रशासनिक र सामाजिक बनेको छ। आयोजना समग्र रूपमा करिब आधा सम्पन्न भइसके पनि काठमाडौं प्रवेश गर्ने खोकना-डुकुछाप खण्डमा जग्गा अधिग्रहण, स्थानीयको असहमति तथा सम्पदा संरक्षणसम्बन्धी विवादका कारण निर्माण प्रक्रिया नै सुरु हुन सकेको छैन। आयोजनाको अद्यावधिक विवरणले पनि प्याकेज नम्बर-११ को खरिद प्रक्रिया जग्गा अधिग्रहण र सवारी व्यवस्थापनसम्बन्धी निर्णय बाँकी रहेकाले अघि बढ्न नसकेको उल्लेख गरेको छ।

सुरुका ९० प्रतिशत काम सम्पन्न भए पनि अन्तिम १० प्रतिशत पूरा नभएसम्म आयोजना सञ्चालनमा आउँदैन। द्रुतमार्गको हकमा पनि त्यही अवस्था देखिएको छ। सुरुङ, पुल र सडकको अधिकांश काम अघि बढे पनि काठमाडौंसँग जोडिने खण्ड रोकिँदा सम्पूर्ण आयोजना उपयोगविहीन हुने जोखिम छ।

खोकनाका स्थानीयले सुरुदेखि नै खेतीयोग्य जमिन, सांस्कृतिक सम्पदा तथा परम्परागत बस्ती संरक्षणको माग गर्दै आएका छन्। उनीहरूले उचित मुआब्जा, वैकल्पिक डिजाइन तथा स्थानीय सरोकारलाई सम्बोधन गर्नुपर्ने अडान राख्दै आएका छन्। सरकारले आयोजना राष्ट्रिय हितसँग जोडिएको भन्दै निर्माणलाई प्राथमिकता दिएको भए पनि स्थानीय असन्तुष्टिलाई पूर्ण रूपमा सम्बोधन गर्न नसक्दा विवाद लम्बिएको छ।

नेपालकै सबैभन्दा जटिल सडक आयोजना : नेपालमा यसअघि निर्माण भएका अधिकांश राजमार्ग पहाडी भूबनोटलाई पछ्याउँदै बनाइएका थिए। तर द्रुतमार्ग फरक अवधारणामा निर्माण भइरहेको छ। कम घुम्ती, कम दूरी र उच्च गतिका सवारीसाधनलाई ध्यानमा राखेर आधुनिक इन्जिनियरिङ प्रविधि प्रयोग गरिएको छ।

७ वटा सुरुङ, ८९ वटा पुल, गहिरा कटिङ, अग्ला भराइ, ढल व्यवस्थापन, अप्टिकल फाइबर डक्ट, विद्युतीय पूर्वाधार, सेवा लेन, टोल प्लाजा र इन्टरचेन्जसहितको संरचनाले यसलाई नेपालकै सबैभन्दा जटिल सडक आयोजनाका रूपमा स्थापित गरेको छ। हालसम्म दुई सुरुङमा 'ब्रेकथ्रु' सम्पन्न हुनु र महादेवटार सुरुङको अधिकांश खन्ने काम सकिनु आयोजनाको महत्वपूर्ण उपलब्धि हो। त्यसैगरी पुल निर्माण र सडकको सब-बेस तथा कालोपत्र सुरु हुनु पनि आयोजना नयाँ चरणमा प्रवेश गरेको संकेत हो।

के पाउनेछन् सर्वसाधारणले : द्रुतमार्ग सञ्चालनमा आएपछि सबैभन्दा ठूलो लाभ यात्रु र व्यवसायीले पाउनेछन् । काठमाडौंदेखि निजगढसम्मको यात्रा समय करिब एक घण्टामा सीमित हुदा यसले सबैभन्दा लाभ सर्वसाधारणले पाउने छन् । यसले इन्धन खर्च घटाउने, सवारी साधनको सञ्चालन लागत कम गर्ने तथा ढुवानीलाई छिटो र सस्तो बनाउनेछ।

वीरगञ्ज नाकाबाट आउने अधिकांश आयातित सामान अहिले त्रिभुवन राजपथ हुँदै काठमाडौं पुग्छ। साँघुरा सडक, भीड र पहिरोका कारण ढुवानीमा ढिलाइ हुने समस्या छ। द्रुतमार्ग सञ्चालनमा आएपछि व्यापारिक गतिविधिमा उल्लेखनीय सुधार आउने विश्वास गरिएको छ।

अबको मुख्य चुनौती : द्रुतमार्गको भौतिक प्रगति ४८.७२ प्रतिशत पुगेको तथ्य उत्साहजनक देखिए पनि आयोजना अझै निर्णायक मोडमा पुगेको छैन। आगामी चरणमा तीन विषय सबैभन्दा महत्वपूर्ण हुने देखिन्छ ।

पहिलो खोकना-डुकुछाप क्षेत्रमा जग्गा अधिग्रहणको विवाद समाधान, दोस्रो बाँकी सुरुङ तथा पुल निर्माण निर्धारित समयमै सम्पन्न गर्नु र तेस्रो लागत र समयसीमालाई थप नलम्ब्याई आयोजना सञ्चालनमा ल्याउनु । यी तीनवटै पक्षमा नेपाल सरकार, नेपाली सेना, स्थानीय समुदाय र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय अत्यावश्यक छ । जति छिटो छरितो रुपमा प्रभावकारी समन्वय हुन्छ उति नै आयोजना अपेक्षित समयमा सम्पन्न हुने सम्भावना बलियो हुनेछ।

पछिल्ला केही वर्षमा प्रगति दर बढेको तथ्य सकारात्मक भए पनि राष्ट्रिय गौरवका आयोजनाहरूमा विगतमा देखिएका ढिलासुस्ती, लागत वृद्धि र प्रशासनिक जटिलताले अझै पनि नागरिकमा आशंका कायमै छ। त्यसैले अब आयोजनाले कति प्रतिशत प्रगति गऱ्यो भन्नेभन्दा पनि कहिले सञ्चालनमा आउँछ भन्ने प्रश्न नै सबैभन्दा महत्वपूर्ण बनेको छ।

मुख्यमन्त्रीको कम्पनीलाई फेरि नोटिस् टु करेक्ट : तराई-मधेश द्रुतमार्ग काममा ढीलाइ गरेपछि बागमती प्रदेशको मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको निर्माण कम्पनीलाई नेपाली सेनाले कार वाही प्रक्रिया अन्तरगत फेरि नोटिस् टु करेक्ट पत्र पठाएको छ । बागमती प्रदेशका मुख्यमन्त्री बानियाँ समेतको संलग्नता रहेको ठेकदार कम्पनीले ७५ प्रतिशत समय बितिसक्दा पनि १ प्रतिशत मात्रै काम गरेपछि गत असार ३ गते नोटिस् टु करेक्सन पत्र पठाएको थियो । तोकिएको समय बित्द पनि कुनै प्रतिक्रिया नआएपछि पुन पत्रचार गरेको हो । मकवानपुरको सिस्नेरी खण्डमा पर्ने द्रुतमार्गको कामको लागि चिनियाँ कम्पनी एक्सीजीसी चाइनिज र बानियाँ हनुमानले सम्झौता अनुसार काम नगरेपछि अहिले समस्या भइरहेको छ ।

फास्ट ट्रयाकको 'नाइन ए' र 'नाइन बी' प्याकेजमा क्रमशः जेएनसी चाइनिज र बानियाँ हजुमान तथा एक्सीजीसी चाइनिज र बानियाँ हनुमानले एकै दिन सम्झौता गरेका थिए । दुबैले १ हजार दिनमा काम गर्ने सर्तमा १३ मे सन् २०२४ मा सम्झौता गरेका थिए । जस अनुसार ७ फेब्रुअरी २०२७ समय सिमा सकिदैछ ।

सहीखबर

समाचार

२०८३ साउन १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

इन्धनको मूल्य घट्यो, तर घटेन यातायातको भाडा

○ सहीखबर संवाददाता

मकवानपुर । पेट्रोलियम पदार्थको मूल्य घटेको भन्डै एक महिना बित्दै लाग्दा पनि बागमती प्रदेश सरकारले प्रदेशमित्र सञ्चालन हुने सार्वजनिक यातायातको भाडा नघटाउँदा सर्वसाधारण मर्कामा परेका छन् ।

नेपाल आयल निगमले गत असार १७ गते मध्यरातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटाएको थियो । तर, बागमती प्रदेश सरकार मातहत उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले भने अहिलेसम्म पनि भाडा समायोजन गरेको छैन ।

अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातको भाडा घटे पनि प्रदेशमित्र चल्ने सवारीसाधन र काठमाडौं उपत्यकामा चल्ने सार्वजनिक यातायातको भाडा घटेको छैन ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज) ले संघीय सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातको भाडा समायोजन गरेपनि प्रदेश सरकारले आफ्नो प्रदेशमित्र चल्ने सार्वजनिक यातायातको भाडा समायोजन नगरेको गुनासो गरे ।

'हामीले पटक पटक प्रदेश सरकारलाई वैज्ञानिक ढङ्गले भाडा समायोजन हुनपर्ने माग राख्दै आइरहेका छौं', उनले भने, 'बागमती प्रदेशसहित अन्य प्रदेश सरकारले पेट्रोलियम पदार्थको मूल्य घट्दासमेत भाडा समायोजन गर्नमा चासो देखाएका छैनन् ।

एकातर्फ सर्वसाधारणले महँगो मूल्यमा यात्रा गर्न बाध्य भइरहेका छन् । संघीय सरकारले जस्तै प्रदेशले पनि तत्काले भाडा समायोजन गर्न जरूरी भइसकेको छ ।'

अध्यक्ष सिटौलाले कोशी प्रदेशबाहेक अन्य प्रदेशले प्रदेशस्तरीय भाडा समायोजन गर्न खासै चासो नदिने दाबी गरे ।

बागमती प्रदेश सरकार मातहत उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ अधिकृत खगेन्द्र पौडेलले मन्त्रालयको नाम र जिम्मेवारी हेरफेर हुँदा बागमती प्रदेशमित्र चल्ने सार्वजनिक यातायातको भाडा समायोजन गर्नका लागि केही समय लागेको बताए ।

'संघीय सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातको भाडा समायोजन गर्ने गर्छ । तर प्रदेशको भाडा समायोजन प्रक्रिया केही लामो भएकाले पनि केही समय लागे जस्तो भएको हो ।

अबको केही दिनभित्रै भाडा समायोजन गर्ने गरी काम गरिरहेका छौं,' उनले भने, 'उहाँले भन्नुभयो, "बागमती प्रदेशमित्र चल्ने सार्वजनिक यातायातको भाडा छिट्टै दुङ्गोमा पुऱ्याउनेछौं ।'

यद्यपि यातायात व्यवस्था विभागले भने अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातको भाडा समायोजन भने गत असार १८ गते गरेको थियो । त्यो बेला विभागले अन्तर प्रदेश चल्ने सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडादर दुई प्रतिशतले घटाएको थियो ।

विभागले पछिल्लो पटक भाडादर समायोजन गर्दा भएको डिजेलको औसत मूल्य प्रति लिटर ३३५ रूपैया ८३ पैसा रहेको थियो भने गत असार १७ गतेदेखि भने १९३ रूपैया ८३ पैसा कायम भएकाले स्वचालित प्रणाली अनुसार नयाँ भाडा समायोजन गरिएको जनाएको छ ।

रिमालको बालकथा संग्रह 'समयको यात्रा' विमोचन



○ सहीखबर संवाददाता

मकवानपुर । साहित्यकार सीएम रिमालको बालकथा संग्रह 'समयको यात्रा' विमोचन गरिएको छ । गुरू पूर्णिमाको अवसरमा हेटौंडा ४ स्थित नवोदय शिशु सदनमा आयोजित कार्यक्रममा रिमालको कथासंग्रहको विमोचन गरिएको हो ।

साहित्यकार निमेष निखिल, पत्रकार सुरेश श्रेष्ठ, नवोदय शिशु सदनका प्रिन्सिपल दिपेश जोशी, सहायक प्रिन्सिपल सचिता पाण्डे, लेखक सीएम रिमालले कथासंग्रह विमोचन गरेका हुन् ।

कृति विमोचनमा साहित्यकार निखिलले रिमालका बालकथा उत्तरबाल्यकाल उमेर समूहका बालबालिकालाई उपयुक्त रहेको बताए ।

५ कक्षादेखि ८ कक्षामा अध्ययरत विद्यार्थीलाई उपयुक्त हुने 'समयको यात्रा' मा ८ वटा कथा संग्रहित छन् । खोजी प्रकाशनले प्रकाशन गरेको कथासंग्रहमा कला संयोजन देव महर्जनले गर्नुभएको छ । रिमालको यो दोस्रो बाल कथासंग्रह हो । यसअघि २०८१ साल माघमा रिमालको 'कथा भन्छु नि ल' प्रकाशित भएको थियो । नवोदय शिशु सदन माविमा मावि संयोजकको रूपमा कार्यरत रिमाल नेपाली विषय शिक्षक हुन ।

यसैबीच नवोदय शिशु सदनले गुरू पूर्णिमाको सन्दर्भमा विद्यालयको बहसका साथै विद्यार्थीको नाद्यकला, उद्घोषण, गायन, वाद्यवादन तथा उद्घोषण कला प्रस्तुत गरेको थियो ।

विद्यार्थी प्रतिनिधि परिषद्को आयोजनामा 'शिक्षक विद्यार्थी सम्बन्ध र सहकार्य' विषयक बहसमा विद्यालयका प्रिन्सिपल दीपेश जोशी, सामाजिक विषय शिक्षक रविन्द्र कार्की, ९ कक्षामा अध्ययनरत विद्यार्थी शिक्षा भुषाल बहसमा सहभागी थिए ।

हार्दिक बधाई

सहीखबर साप्ताहिक १५ वर्षमा प्रवेश गरेको सुन्न पाउँदा औधि खुसी लागेको छ । आगामी दिनमा जनताको आवाज अझै शसक्त भई उठाउन सकोस् पत्रिकाको उन्नती, प्रगती तथा समृद्धिसंगै हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

कुमारी वाइवा प्रमुख एवम्

हिमराइट्म मकवानपुर परिवार

हार्दिक आभार

हामी गौरवमय १५ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रा विज्ञापनदाताहरु, आमपाठकवर्गहरु, स्तम्भकारहरु, कानून सल्लाहकारहरु सम्पूर्ण शुभचिन्तक ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौ । यहाँको साथ समर्थन सदा प्राप्त हुने अपेक्षा राख्दै हामी यहाँहरुको सेवामा सधैं तत्पर रहने बाचा गर्दछौं ।

सहीखबर परिवार

सरकार गठनको...

लियो । केन्द्रमा एमाले र नेकपाको शिर्ष नेतृत्वबीच सत्ता समिकरणको सहमती भएको हो । पछिल्लो समय प्रदेश सभामा बजेट निर्माणमा देखिएका असमझदारी, बजेट विहीनताको अवस्था र अस्वस्थ राजनीतिक प्रतिस्पर्धा लगायतका समस्या समाधन गर्दै जनताको चाहना अनुरूप राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तिव्र तुल्याउने भन्ने सहमतीको व्याख्यालाई हेर्दा यसको प्रारम्भ असारबाटै सुरू भएको देखिन्छ ।

साउन ६ गते नेकपा एमालेका ६ जना मन्त्रीले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसमक्ष सामूहिक राजीनामा बुझाए र प्रदेश प्रमुख समक्ष सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराए। यो सँगै मुख्यमन्त्री बाँनिया अल्पमतमा परे । नयाँ सत्ता समिकरण अनुसार बागमती प्रदेशको नेतृत्व एमालेले गर्ने लिखित सहमति भएको छ ।

साउन ९ को एमाले र नेकपा बीचको नयाँ सत्ता समिकरणले ७ वटै प्रदेशमा सरकार परिवर्तनको संकेत दियो । यसले बागमती प्रदेशको सत्ता समिकरण समेत बदलिएर एमालेको नेतृत्व लिने सहमति भयो । यस बिचमा कुनै राजनीतिक परिघटना नभए बागमती प्रदेशमा सातौं मुख्यमन्त्रीको रूपमा एमालेले पदभार ग्रहण गर्ने पक्का छ ।

मुख्यमन्त्री बानियाँलाई दिएको समर्थन फिर्ता लिएको तथा सरकारमा सहभागी ६ जना मन्त्रीले सामुहिक राजिनामा दिएको पाँच दिनअघि मात्रै १४ मन्त्रालयबाट कार्य सम्पादन गर्दै आइरहेको प्रदेश सरकारले मन्त्रालयको संख्या ८ कायम गरेको थियो । मन्त्रालय घटाएर प्रशासन चुस्त बनाउने घोषणा सेलाउन नपाउँदै सत्ता साझेदार दल एमाले सरकारबाट बाहिरियो र बानियाँ नेतृत्वको सरकार अल्पमतमा पर्‍यो ।

यो घटनाले बागमती प्रदेशको साढे आठ वर्षे राजनीतिक यात्रामा पुन: पुरानै दृश्य दोहोर्‍याएको छ। यस अघि समेत पटकपटक सरकार गठन हुने फेरी बन्ने घटनाले प्रदेशमा सरकार मात्र फेरिएका छैनन्, सरकार टिकाउन मन्त्रालय फुटाइएका समेत छन् । मन्त्रीलाई जिम्मेवारी दिन मन्त्रालय फुटाइएका छन् । गठबन्धन बदलिएपछि फेरि मन्त्रालय गाभिएका छन् ।

काँग्रेसले सातै प्रदेशमा सत्ता गठबन्धनको प्रयास जारी राख्ने

प्रदेश सरकार गठनका लागि एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच समीकरणपछि पनि नेपाली कांग्रेसले सातै प्रदेशमा सत्ता गठबन्धनको प्रयास जारी राख्ने भएको छ ।

आइतबार पार्टी मुख्यालय सानेपामा नेपाली कांग्रेसका सभापति गगन थापाले सातै प्रदेशका सभापति, संसदीय दलका नेता र मुख्यमन्त्रीसँग परामर्श गर्दै गठबन्धनको प्रयास जारी राख्ने बताएका हुन् । राजनीतिक समीकरण र दलहरुको संख्या हेरेर सरकार सञ्चालन गर्ने वा प्रतिपक्षमा बस्ने विषयमा थप निर्णय गर्ने विषयमा छलफल भएको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जानकारी दिए ।

प्रदेशमा अब कसको सरकार ?

बागमती प्रदेश नयाँ सरकार गठनको प्रतीक्षामा छ। केन्द्रमा देखिएको राजनीतिक समीकरणको प्रभाव अनुसार बागमती प्रदेशमा नेकपा एमालेको नेतृत्वमा सरकार गठन हुनेछ तर स्पष्ट बहुमतको लागि साना दलहरूसँग छलफलमा लागेको छ ।

बागमती प्रदेशसभामा निर्वाचित ११० जना प्रदेशसभा सदस्यमध्ये ६ जनाले गत प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न राजीनामा दिएपछि हाल प्रदेशसभा १०४ सदस्य कायम छन् । यो अंकगणित अनुसार बागमतीमा नयाँ सरकार गठनका लागि ५३ जना प्रदेशसभा सदस्यको बहुमत पुर्‍याउनुपर्ने हुन्छ ।

बागमती प्रदेशसभामा कांग्रेस ३६ सिटसहित सबैभन्दा ठूलो दल छ । नेकपाको २६ सिट, नेकपा एमालेको २५ सिट (उपसभामुखसहित) छ । अन्य साना दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को १२, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सिट छ ।

कांग्रेस र नेकपा मिल्दा ६२ सांसदसहित स्पष्ट बहुमत हुँदा कांग्रेसले नेतृत्व दिएको हो । एमाले र नेकपा मिलेर (५१ सांसद) सरकार बनाउँदा ३ सिट अपुग हुन्छ । बहुमत पुर्‍याउन अन्य साना दललाई सरकारमा सहभागी गराउनु पर्नेछ । एमाले र नेकपाको सत्ता समिकरणको सहमती पछि ५१ मात्रै सदस्य हुने भएकोले थप दुई सांसद आवश्यक पर्छ। यस्तो अवस्थामा १२ सिट रहेको राप्रपा, दुई सिट रहेको हाम्रो नेपाली पार्टी अथवा ३ सिट रहेको नेपाल मजदुर किसान पार्टी निर्णायक बन्ने छन् ।

बागमती, मधेश र गण्डकी प्रदेशमा एमाले र नेकपाले मात्रै सरकार बनाउन स्पष्ट बहुमत नपुग्ने भएपछि काँग्रेस समेत अहिलेको सरकारको निरन्तरता दिन छलफलमै व्यस्त छ । अर्को कुनै राजनीतिक परिघटना नभए एमालेले बागमतीमा सरकारको नेतृत्व गर्ने छ ।

स्थापनापछिका बर्षहरूमा के के भए ?

२०६४ माघमा ७ वटा मन्त्रालयबाट सुरू भएको प्रदेश सरकार १४ मन्त्रालयसम्म पुग्यो र अहिले ८ वटामा कायम छ । प्रदेशमा स्पष्ट बहुमतको अभावमा उक्त अवधीमा ६ जना त मुख्यमन्त्री बने। ८३ फरक व्यक्तिले मुख्यमन्त्री, मन्त्री वा राज्यमन्त्रीका रुपमा अवसर पाए । मन्त्रीमा दोहोरिएर नियुक्तिको संख्या समेत जोड्दा संख्यामा उक्त संख्या ९५ पुगेको छ।

प्रदेशसभा निर्वाचनपछि २०६४ माघ २८ गते एमालेका डोरमणि पौडेल बागमती प्रदेश तत्कालीन प्रदेश नम्बर ३ का पहिलो मुख्यमन्त्री बने। एमालेसँग एकल बहुमत थियो र माओवादी केन्द्रसँगको वाम गठबन्धन जोड्दा सरकार भन्ने बलियो थियो।

पौडेलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सात मन्त्रालय कायम गरेर सरकार सञ्चालन गरे। नेकपा विवाद चर्किएपछि २०७८ बैशाखमा मन्त्रिपरिषद् पुनर्गठन गरियो। करिब ४३ महिना सरकार चलाएका पौडेल बागमतीका अहिलेसम्मकै सबैभन्दा लामो समय मुख्यमन्त्री हुन् । तत्कालीन नेकपामित्रको विवाद, एमाले र माओवादी केन्द्र पुरानै अवस्थामा फर्किनु तथा एमालेमित्रको शक्ति संघर्षले उनलाई पद छाड्ने अवस्थामा पुर्‍यायो।

मन्त्रालय फुटाउने क्रम

२०७८ भदौ २ गते एमालेकै अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनिन्। नेपालको पहिलो महिला मुख्यमन्त्री बनेकी शाक्यले सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य क्षेत्र अलग गरी छुट्टै स्वास्थ्य मन्त्रालय बनाइन्। यससँगै बागमतीमा मन्त्रालयको संख्या सातबाट आठ पुग्यो। यही निर्णयबाट प्रदेशमा मन्त्रालय फुटाउने औपचारिक क्रम सुरू भएको हो ।

तर शाक्यको सत्ता लामो समय भने टिकेन। उनी मुख्यमन्त्री बनेकै दिन एमाले विभाजनतर्फ गयो र एकीकृत समाजवादी गठन भएपछि एमालेका सांसदहरुले नयाँ दल रोजे। बहुमत गुमेपछि उनले विश्वासको मत सामना नगरी ६९ दिनमा राजीनामा दिइन्। छोटो कार्यकालमै शाक्यले आफूसहित १३ जनालाई मन्त्री वा राज्यमन्त्री नियुक्त गरेकी थिइन् ।

८ मन्त्रालयलाई पाण्डेले १४ पुर्‍याए

शाक्यपछि २०७८ कात्तिक ११ गते एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डे मुख्यमन्त्री बने । उनलाई नेपाली कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीसहितको साथ थियो । सत्ता साझेदार दललाई चित्त बुझाएर नेतृत्वमा रहन मन्त्री र मन्त्रालय व्यवस्थापन गर्न पाण्डे सरकारले ८ वटा मन्त्रालयलाई एकैपटक १४ वटा पुर्‍याए ।

परिणामत: प्रदेशमा १४ मन्त्रालय र मन्त्री राज्यमन्त्रीसहित १८ सदस्यीय मन्त्रिपरिषद् बन्यो। प्रदेशका आफ्नै पर्याप्त भवन नहुँदा कतिपय मन्त्रालय भाडाका घरमा राख्नुपर्‍यो। प्रशासनिक संरचनाभन्दा राजनीतिक पद व्यवस्थापन ठूलो भएको आलोचना यही समयबाट तीव्र बन्यो।

जम्कट्टेलले घटाए, फेरि दुईपटक बढाए

२०७९ को दोस्रो प्रदेशसभा निर्वाचनपछि माओवादी केन्द्रका शालिकराम जम्कट्टेल २०७९ पुस २५ गते मुख्यमन्त्री बने। एमाले, माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थनमा बनेको सरकारले पाण्डे कालका १४ मन्त्रालय धेरै भएको निष्कर्ष निकाल्यो।

प्रमुख सचिवको नेतृत्वमा गठित कार्यदलले ९ वा ११ मन्त्रालय राख्न सुझाव दिएपछि जम्कट्टेल सरकारले १४ बाट ११ मन्त्रालय कायम गर्‍यो।

तर मन्त्रालय घटाउने निर्णय धेरै समय टिकेन। केन्द्रमा गठबन्धन फेरिएपछि प्रदेशमा ११ मन्त्रालय हुँदाहुँदै १२ मन्त्री नियुक्त गरिए। मन्त्रालय संख्या समेत ११ बाट १२ पुर्‍याइयो ।

२०८१ जेठमा सरकार जोगाउन एकीकृत समाजवादीकी रमा आले मगरलाई मन्त्री बनाइयो। उनलाई जिम्मेवारी दिन सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय पुन: स्थापना गरियो र मन्त्रालय संख्या १३ बाट १३ पुग्यो।

यसरी सुरूमा मन्त्रालय घटाएर प्रशंसा पाएका जम्कट्टेलले गठबन्धन र बहुमत व्यवस्थापनकै क्रममा दुईपटक मन्त्रालय थपे।

लामाले फेरि चौधौं मन्त्रालय पुर्‍याए

२०८१ साउन ८ गते कांग्रेस र एमालेको गठबन्धनबाट बहादुरसिंह लामा मुख्यमन्त्री बने। त्यतिबेला प्रदेशमा १३ मन्त्रालय थिए। कांग्रेस र एमालेबीच मुख्यमन्त्रीसहित मन्त्रालय बाँडफाँटको सहमति भए पनि कांग्रेसमित्रको गुट व्यवस्थापनका क्रममा मन्त्रालयभन्दा मन्त्री धेरै नियुक्त भए।

कांग्रेसका मधुकुमार श्रेष्ठ ११२ दिनसम्म बिनाविभागीय मन्त्री रहे। उनलाई जिम्मेवारी दिन संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट सहकारी तथा गरिबी निवारण क्षेत्र अलग गरी चौधौं मन्त्रालय बनाइयो। लामाले आफ्नो कार्यकालमा आफूसहित १८ जनालाई मन्त्री नियुक्त गरे।

बानियाँको पालमा चौधबाट आठ

२०८३ साउन ३० गते बानियाँ प्रदेशको छैठौं मुख्यमन्त्री बने। बानियाँले आफूसहित १४ सदस्यीय मन्त्रिपरिषद् बनाए।२०८३ वैशाखमा सरकारले मन्त्रालय घटाउने निर्णय गर्‍यो र नयाँ आर्थिक वर्षको पहिलो दिन साउन १ देखि १४ मन्त्रालयलाई आठमा गाभियो।

नयाँ संरचनामा मुख्यमन्त्री कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा सहकारी, आर्थिक मामिला तथा योजना, खानेपानी, ऊर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार विकास, कृषि, पशुपन्छी, वन तथा वातावरण, स्वास्थ्य तथा सामाजिक विकास र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय कायम भए।

मन्त्रालय आठ भए पनि मन्त्री तत्काल आठ बनाइएनन्। ६ मन्त्रीलाई बिनाविभागीय बनाएर गाभिएका मन्त्रालयअन्तर्गत विषयगत जिम्मेवारी दिइयो। एउटै मन्त्रालयमा दुई वा तीन मन्त्रीले फरक विषय हेर्ने व्यवस्था भएपछि सरकारको आलोचना बढ्यो ।

एमालेका ६ मन्त्रीले साउन ६ गते राजीनामा दिएर सरकारबाट बाहिरिएपछि कांग्रेसका ३६ सांसदको मात्रै प्रत्यक्ष आधार रहेको बानियाँ सरकार अल्पमतमा पर्‍यो ।

८३ व्यक्ति, ९५ मन्त्री

डोरमणि पौडेलले आफूसहित ११, अष्टलक्ष्मी शाक्यले १३, राजेन्द्र पाण्डेले १८, शालिकराम जम्कट्टेलले २१, बहादुरसिंह लामाले १८ र इन्द्रबहादुर बानियाँले १४ जनालाई मुख्यमन्त्री, मन्त्री वा राज्यमन्त्री नियुक्त गरेका छन्।

यी सबै नियुक्ति जोड्दा ९५ पटक हुन्छ। तर एउटै व्यक्ति फरक सरकार वा फरक गठबन्धनमा दोहोरिएकाले ८३ जना मात्रै नेतृत्वमा रहे ।

जनताको समस्यालाई भन्दा सत्ताको भागबण्डा र पदीय लालचको कारण प्रदेश सरकारको बारेमा आलोचना दिनदिनै बढ्दो छ । जनतामा बढेको यस्तो निराशाको कारण गत संघीय निर्वाचनमा पुराना दलहरूलाई मतदाताले पाखा लगाए । अब आगामी निर्वाचनमा जनताले के गर्लान् त्यो हेर्न बाँकी छ ।

मतदान नागरिक अधिकार मात्रै नभइ सच्चा नागरिकको कर्तव्य पनि हो । त्यसैले निर्वाचन प्रक्रियामा सहभागी बनौं, लोकतान्त्रिक शासन व्यवस्थाको बलियो बनाउन योगदान गरौं

लोकहितको लागि सहीखबर

व्यक्ति हत्या आरोपमा होटल सञ्चालकसहित ८ जना पक्राउ

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका ११ थानाभ्याङस्थित यातायात व्यवस्था कार्यालय नजिक एक पुरूष मृत अवस्थामा फेला परेपछि प्रहरीले होटल सञ्चालकसहित ८ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार उक्त स्थानमा एक पुरूष मृत अवस्थामा रहेको सूचना प्राप्त भएपछि प्रहरी निरीक्षक उमाशंकर प्रसादको नेतृत्वमा अनुसन्धान टोली घटनास्थल पुगेको थियो। घटनास्थल वरिपरि रगत देखिएपछि प्रहरीले घटनालाई गम्भीर रुपमा लिएर अनुसन्धान सुरू गरेको हो।

अनुसन्धानका क्रममा मृतक थाहा नगर पालिका १० स्थायी ठेगाना भएका रामबहादुर गोपालीका ४१ वर्षीय छोरा आश्मान गोपाली रहेको खुलेको प्रहरीले जनाएको छ।

हेटौंडा उपमहानगरपालिका ११ थानाभ्याङस्थित यातायात व्यवस्था कार्यालय नजिक रहेको तन्दुरी स्टाफ होटल एण्ड लजमा ४१ वर्षीय आश्मान गोपाली मृत अवस्थामा फेला परेपछि घटनासँग जोडिएका नयाँ नयाँ तथ्यहरु सार्वजनिक हुँदै गएका छन्।

घटनासँग सम्बन्धित आशंकामा प्रहरीले होटल सञ्चालक कमानसिंह मार्भीसहित ८ जनालाई नियन्त्रणमा लिएको छ। पक्राउ परेकामध्ये ६ जना महिला र २ जना पुरूषहरू छन्। पक्राउ पर्नेमा मकवानपुर को कैलाश गाउँपालिका वडा नम्बर ९ बस्ने ३३ वर्षकी पार्वती ब्लोन, मकवानपुर मनहरी गाउँपालिका वडा नम्बर ३ बस्ने ३४ वर्षिय किराममाया थिङ, ललितपुर गोदावरी नगरपालिका वडा नम्बर ६ बस्ने ३५ वर्षकी आशिका लामा, उदयपुर बेलटार नगरपालिका ७ बस्ने ३२ वर्षकी मनिषा दाहाल, हेटौडा उपमहानगरपालिका वडा नम्बर १७ बस्ने २४ वर्षीय रबिन प्रजा र नुवाकोट पञ्चकन्या गाउँपालिका ५ बस्ने २२ वर्षिय बिनिशा तामाङ, सिन्धुली घ्याङलेख गाउँपालिका ३ बस्ने बर्ष ३३ वर्षिय निरू तामाङ तथा होटल सञ्चालक मकवानपुर बकैया गाउँपालिका वडा नम्बर ५ वर्ष बस्ने ४० वर्षिय कमानसिंह मामी रहेका छन्।

विशेषगरी, घटना भएको रात फरक फरक स्थानबाट आएका ६ जना महिला सो होटलमा किन बस्न पुगेका थिए भन्ने विषय अहिले प्रहरी अनुसन्धानको केन्द्रमा रहेको छ। के विषयमा विवाद हुँदा गोपालीको हत्या गरिएको हो ? भन्ने विषय सबै स्थानीय वासिन्दा, आफन्तहरू र प्रहरीले अनुसंधान गरिरहेको छ ।

घटनाको अघिल्लो रात होटलमा कुल ९ जना बसेका थिए। तीमध्ये आश्मान गोपालीको मृत्यु भएपछि मृतकबाहेक अन्य आठ जनालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीका अनुसार घटनामा संलग्न हुन सक्ने सम्भावित सबै पक्षमाथि गहिरो अनुसन्धान भइरहेको छ र नियन्त्रणमा लिइएकाहरुसँग सोधपुछ जारी छ।

प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्तिहरु फरक फरक स्थानबाट उक्त होटलमा पुगेको खुलेको छ। उनीहरु एकै स्थानमा कसरी जम्मा भए, उनीहरुबीचको सम्बन्ध के थियो, र घटनाअघि होटलमा के कस्ता गतिविधि भएका थिए भन्ने विषयमा प्रहरीले प्रमाण संकलन गरिरहेको छ।

विशेषगरी, ६ जना महिला एकै रात त्यहाँ बस्न पुग्नु संयोग मात्रै हो वा त्यसको पछाडि कुनै योजनाबद्ध उद्देश्य थियो भन्ने प्रश्नले अनुसन्धानलाई थप जटिल बनाएको छ।

स्थानीय बासिन्दा र मृतकका आफन्तले आश्मान गोपालीको शरीरमा देखिएका चोटपटकका आधारमा उनको हत्या भएको हुन सक्ने आशंका व्यक्त गरेका छन्।

उनीहरुको माग घटनाको निष्पक्ष र वैज्ञानिक अनुसन्धान गरी वास्तविक दोषीलाई कानुनी दायरामा ल्याइनुपर्ने रहेको छ। प्रहरीले भने पोस्टमार्टम प्रतिवेदन, फरेन्सिक परीक्षण र घटनास्थलबाट संकलित प्रमाणका आधारमा अनुसन्धान अघि बढिरहेको जनाएको छ।

प्रहरीका अनुसार घटना भएको होटल केही समयअघि मात्रै सञ्चालनमा आएको थियो। स्थानीयका अनुसार होटलमा आवश्यक पूर्वाधारसमेत पूर्ण रुपमा तयार भइसकेको थिएन।

यस्तो अवस्थामा फरक फरक स्थानबाट आएका ६ जना महिला र २ जना पुरूष त्यही होटलमा किन पुगे, उनीहरुको उद्देश्य के थियो, र उनीहरुबीच पूर्वपरिचय थियो वा थिएन भन्ने सबै पक्ष अनुसन्धानको दायरामा राखिएको प्रहरीको भनाइ छ।

प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले अनुसन्धान अझै प्रारम्भिक चरणमै रहेकाले अनुमानका आधारमा निष्कर्षमा पुग्न नमिल्ने बताए।

उनका अनुसार नियन्त्रणमा रहेका सबै व्यक्तिसँग सोधपुछ, प्राविधिक प्रमाणको विश्लेषण तथा घटनाअघि र पछिका गतिविधिको अध्ययन भइरहेको छ। अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा घटनाको वास्तविक कारण र संलग्न व्यक्तिहरुको भूमिका क्रमश: स्पष्ट हुँदै जाने प्रहरीको विश्वास छ।

स्थानीय बासिन्दा तथा मृतकका आफन्तले आश्मान गोपालीको हत्या भएको दाबी गरेका छन्। प्रहरीले भने घटनाको सबै पक्षबाट अनुसन्धान भइरहेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक राजेश बतौलाले होटलमा बसेका तथा शंकास्पद देखिएका व्यक्तिहरुलाई नियन्त्रणमा लिएर सोधपुछ तथा अनुसन्धान भइरहेको जानकारी दिए। घटनाको वास्तविक कारण पोस्टमार्टम प्रतिवेदन र अनुसन्धानपछि मात्र खुल्ने प्रहरीले जनाएको छ। अपरिचित व्यक्तिहरूबाट हुने शंकास्पद गतिविधिमाथि स्वयम् आफूहरूले पनि निगरानी राख्न प्रहरीले स्थानीयसँग समेत अनुरोध गरेको छ ।

६३ प्रतिशत मुद्दा फछ्यौंट



मकवानपुर । मकवानपुर जिल्ला अदालतले दुई वर्ष नाघेका पुराना मुद्दाहरुलाई पूर्ण रुपमा फछ्यौंट गरी शून्यमा झारेको छ।

अदालतले गत आर्थिक वर्ष २०८२/०८३ को प्रगति विवरण सार्वजनिक गर्दै वर्षौंदेखि पेन्डिङ रहेका पुराना मुद्दा फछ्यौंटमा ऐतिहासिक सफलता मिलेको जनाएको हो।

अदालतका अनुसार गत आवमा कुल ३ हजार ६३६ मुद्दाको लगत रहेकोमा २ हजार ३१४ वटा (६३.६४ प्रतिशत) फछ्यौंट भएका छन्। ८७.५५ प्रतिशत वार्षिक लक्ष्य हासिल गरेको अदालतमा अब बाँकी १ हजार ३२२ मुद्दामध्ये कुनै पनि दुई वर्ष नाघेका छैनन्।

अदालतकी जिल्ला न्यायाधीश गीता श्रेष्ठले रणनीतिक योजना र निरन्तर सुनुवाइकै कारण पुराना मुद्दा शून्यमा ल्याउन सकिएको बताउनुभयो। “सर्वसाधारणको अदालतप्रतिको विश्वास बढाउन ढिलासुस्ती अन्त्य गर्नु अनिवार्य थियो। रणनीतिक दर्ता भएका नयाँ मुद्दामध्ये सबैभन्दा बढी सम्बन्ध विच्छेदका ८७५ वटा रहेका छन्। यस्तै अंश दर्ताका ३०४, लागू औषधका २३९, लेनदेनका १९२ र बैंकिङ्ग कसूरका ११९ मुद्दा दर्ता भएका छन्। अदालतमा दर्ता भएका मुद्दाहरूलाई छिटो भन्दा छिटो फछ्यौंट गर्नका लागि आफुहरू लागिपरेको अदालतका सूचना अधिकारी केशबराज कौशिकले बताए ।

फैसला कार्यान्वयनतर्फ कुल ४८ करोड ५८ लाख रूपैयाँ जरिवाना लगतमध्ये ८५.०८ प्रतिशत अर्थात् ४१ करोड ३३ लाख रूपैयाँभन्दा बढी असुली भएको छ। कैदतर्फ १ हजार ५८१ वर्ष सजाय फछ्यौंट भएको छ।

अदालतले ५ हजार २५० मिसिल स्क्यान (डिजिटलाइजेशन) गरिसकेको छ भने पीडितलाई २२ लाख ४५ हजार रूपैयाँभन्दा बढी क्षतिपूर्ति भराएको छ। त्यसै गरि २४ हजार ५ सय ८४ मिसिल स्क्यान गर्न बाकी रहेको छ ।

गुरुहरुप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरुको सम्मान गरौं ,
- गुरुबाट प्राप्त ज्ञान र मार्ग दर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परा संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड